# रोचक घटना नं ३६

# यहोशू १:१-१७ र २:८-११

**कथाको मूख्य सारः परमेश्‍वरको सहायताद्वारा मानिसहरू प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गरेका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- अब्राहाम करिव ७५ वर्षको हुँदा, परमेश्‍वरले पहिलो पटक उनलाई भूमि दिने प्रतिज्ञा गर्नुभएको थियो । अब, ७०० वर्ष पछि परमेश्‍वरले यहोशूलाई उक्त भूमिमा इस्राएलीहरूलाई लैजानको लागि नेतृत्व गर्ने निर्देशन दिनुभयो ।
- यहोशू २ मा, हामीलाई भनिएको छ कि यरीहोका मानिसहरू इस्राएलका मानिसहरूसँग डराएका थिए । यरीहोका मानिसहरूलाई थाहा थियो कि परमप्रभुले यस भूमि इस्राएललाई दिनुभएको छ ।
- यहोशूलाई परमप्रभुले, आईरहेको लडाईंको लागि होइन तर आज्ञापालन गर्न होशियार हुनको लागि, साहसी हुन आग्रह गर्नुभयो । लडाइँहरूमा सफलता, परमेश्‍वरमा निहित थियो । यहोशूले भरोसा र आज्ञापालन गर्नुपर्ने थियो ।
- भूमिको जासूसी गर्नको लागि यहोशूले दुईजना जासूसहरू पठाएका थिए । यी जासूसहरूको सामना राहाबसँग भयो जो बहुईश्‍वरवादबाट परिवर्तन भएर परमप्रभुको आराधना गर्ने भइन् । तिनले जासूसहरूसँग गरेको कुराहरूबाट ३८ वर्ष पहिले दश जासूसहरूले गरेका त्रुटिहरू थाहा भयो । यदि इस्राएलीहरू मिश्रबाट छुट्कारा पाएको ४० वर्ष पछि पनि कनानीहरूले परमप्रभुको डर मानिरहेका थिए भने निश्‍चय नै तिनीहरूले प्रस्थान भएको २ वर्ष पछि पनि उहाँको डर मानेका थिए ।
- यहोशूको पुस्तकमा पहिलो पाँच अध्यायहरूले इस्राएलीहरू कनान देशमा प्रवेश गरेको कुराहरूको वर्णन गरेको पाईन्छ । परमप्रभु तिनीहरूको साथमा हुनुहुन्थ्यो र उहाँले तिनीहरूलाई भूमि दिनुभएको थियो । ६-१२ अध्यायमा इस्राएलीहरूले कसरी भूमि माथि विजय प्राप्त गरे भनि बताईएको छ । जब उनीहरूले भूमिको लागि लडाइँ गरे तब परमेश्‍वर उनीहरूसँग हुनुन्थ्यो । त्यसकारण उनीहरूले भूमि माथि विजय प्राप्त गर्न सके ।
- यहोशूको पुस्तक, यहोशूको दुईवटा मूख्य वक्तव्यहरूसँगै समाप्त भएको छ । इस्राएलीहरूलाई परमप्रभु प्रति वफादार हुन प्रोत्साहन गर्नको लागि, यहोशूले उनीहरूको इतिहास र त्यहाँका सबैभन्दा उल्लेखनिय अगुवा अब्राहामको बारेमा बताएका छन् जो एक मूर्तिपुजक थिए । उहाँको अनुग्रहमा, सृष्टिकर्ता परमेश्‍वरले अब्राहामको सामु आफुलाई प्रकट गर्नुभयो । यहोशूले विपत्तिहरू, इस्राएलीहरूको दासत्वबाट छुटकारा, लाल समुद्र र अन्य कार्यहरूको बारेमा पनि बताएका छन् । परमप्रभुले मानिसहरू उहाँप्रति वफादार र आज्ञाकारी होउन भन्ने अपेक्षा गर्नुभयो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्‍वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्‍वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

हामीले अध्ययन गरिसकेका ३५ वटा रोचक घटनाहरूको बारेमा विचार गरेर ती रोचक घटनाहरूलाई क्रमबद्ध रूपमा मिलाएर राख्ने प्रायास गर्नेछौं । यहाँ तल हामीले अध्ययन गरिसकेका ३५ वटा रोचक घटनाहरूको विषयवस्तुहरू दिइएका छन्:

१. परमेश्वर धेरै शक्तिशाली हुनुहुन्छ ।

३. परमेश्वरले सबैथोक बनाउनुभयो ।

५. बगैंचामा जीवन आनन्दमय थियो ।

७. शैतानले आदम र हव्वाको परिक्षा गऱ्यो । आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

९. शैतानलाई नष्ट गर्नको लागि एक जना विशेष मानिस पठाउने प्रतिज्ञा परमेश्वरले गर्नु भयो ।

११. परमेश्वरले आदम र हव्वालाई वस्त्र पहिऱ्याउनको लागि निर्दोष पशुलाई मार्नु भयो ।

१३. कयिन र हाबिल दुवैले परमेश्वरलाई दुई भिन्दा भिन्दै शैलीबाट प्रतिक्रिया जनाएका थिए ।

१५. मानिसहरू धेरै नै दुष्ट भएका थिए । त्यसकारण परमेश्वरले जलप्रलय पठाउनुभयो । नोआले परमेश्वरमाथि भरोसा राखे र आज्ञापालन गरे ।

१७. परमेश्वरले अब्राहामलाई एउटा महान् राष्ट्र र आशिष् हुनको निम्ति बोलाउनुभयो ।

१९. साराले परमेश्वरको प्रतिज्ञाप्रति विश्वास साथ प्रतिक्रिया जनाईनन् । तर अब्राहामले विश्वास गरेका थिए ।

२१. याकुबले स्वर्गदूतसँगको लडाईं गरेर एउटा नयाँ नाम हासिल गरेका थिए ।

२३. ठूलो विद्रोहको बावजुद, परमेश्वरले इस्राएललाई ठूलो आशिष् दिनुभयो ।

२५. इस्राएलीहरूलाई छुटकारा दिनको लागि परमेश्वरले मिश्रमा विपत्तिहरू पठाउनु भयो ।

२७. परमेश्वर बचाउनको लागि सामर्थी हुनुहुन्छ । परमेश्वरले लाल समुद्रलाई दुई भागमा विभाजन गर्नु भयो । उहाँले आफ्ना शत्रुहरूलाई समूद्रमा नै डुबाउनुभयो ।

२९.इस्राएलीहरूले परमेश्वरको विद्रोह गरेका थिए ।

३१. पवित्र परमेश्वरको आराधना गर्नको लागि एउटा प्रतिस्थापित बलिदानको आवश्यकता भयो ।

३३. परमेश्वरका मानिसहरूले, उनीहरूलाई परमेश्वरले भूमि दिन सक्नुहुन्छ भन्ने कुरामा अविश्वास गरेका थिए ।

३५. परमेश्वरलाई पछ्याउने मानिसहरू उहाँप्रति पूर्णतया इमान्दार र आज्ञाकारी हुनुपर्थ्यो ।

**पाठ शुरू गर्ने क्रियाकलाप: कथाको विषयको समीक्षा**

शिक्षकले यहाँ भएका भनाईहरू कागजका टुक्राहरूमा लेखेर ती एकै ठाउँमा मिसाउनु पर्छ । पाठको नम्बर चाहिँ त्यस टुक्रामा नलेख्नुहोस् । बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहले ती टुक्राहरूलाई क्रमिक रूपमा मिलाउनको लागि कति समय लिन्छन् भनि समय हेर्नुहोस् । कागजका टुक्राहरूमा संख्या पनि नलेख्नुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंले गत वर्ष प्रयास गर्नुभएको कुनै नयाँ कुराको बारेमा वर्णन गर्नुहोस् । त्यो कस्तो थियो ? के तपाईं डराउनुभएको थियो ? के तपाईंलाई थाहा थियो कि तपाईंले त्यो गर्न सक्नु हुनेछ ? आजको पाठ एउटा नयाँ अगुवा र अघि बढ्ने नयाँ आज्ञाको साथमा एउटा एकदमै नयाँ अनुभवको विषयमा हो । उनीहरूले कसरी गर्नेछन् त्यो हामी हेर्नेछौं ?

## कथा भन्नुहोस्

यो एउटा नयाँ अगुवाको लागि नयाँ आज्ञाको साथमा अघि बढ्ने, एउटा नयाँ राष्ट्रको लागि नयाँ भूमिमा प्रवेश गर्ने एउटा नयाँ दिन थियो । त्यस भूमिमा प्रवेश गर्नु उक्त राष्ट्रको लागि अत्यन्तै खुशीको दिन थियो जुन ७०० वर्ष अघि नै उनीहरूका आदरणीय अगुवा अब्राहामलाई प्रतिज्ञा गरिएको थियो । यो ती मानिसहरूको समूह थियो जसले धेरै पुस्ताहरू अघि नै परमेश्वरले गर्नुभएको महान् प्रतिज्ञालाई महसुस गरेका थिए ।

मोशा, जो अघिल्लो अगुवा थिए, अहिले उनको मृत्यु भई सकेको थियो । मोशाले नै प्रतिज्ञाको देशमा पुऱ्याउनेछ भनि सबैले ठानेका थिए । तर उनको रिसको कारणले, परमेश्वरले मोशालाई त्यो भूमि देख्न दिनुभयो तर प्रवेश गर्न दिनुभएन । त्यस राष्ट्रले मोशाको मृत्युको शोक मनायो ।

नयाँ अगुवा यहोशूसँग परमप्रभुको विशेष निर्देशनहरू थिए । यहोशूले परमप्रभुको आज्ञापालन गर्न र राष्ट्रलाई आज्ञाकारितामा डोऱ्याउनको लागि होशियार हुनु निकै नै आवश्यक थियो । वास्तवमा भन्नु पर्दा, परमेश्वरले उनीहरूलाई त्यो भूमि दिनुहुने थियो, त्यो उहाँको जिम्मेवारी थियो । अगुवा र मानिसहरूको जिम्मेवारी भनेको आज्ञापालन गर्नु थियो ..........विशेष गरी, परमेश्वरको वचनको आज्ञापालन । इस्राएल राष्ट्र प्रतिज्ञाको भूमिमा प्रवेश गर्नासाथ, त्यहाँ उनीहरूले अग्ला पर्खालहरू र अग्ला मानिसहरू देख्ने थिए, तर उनीहरू डराउनु हुँदैनथ्यो । परमप्रभुले उनीहरूलाई साहसी हुनुपर्छ भनि धेरै पटक दोहोऱ्याउनु भयो । यहोशूले आफुले सम्झेका कुराहरू आफ्नो जीवनको अन्तमा देशका मानिसहरूसँग बोल्दा सम्झाइदिएका थिए । यसले उनमा र अरू धेरै व्यक्तिहरूमा स्थायीरूपमा प्रभाव पारेको थियो ।

नयाँ अगुवाले २ जासूसहरूलाई पठाए र तिनीहरूले तुरून्तै नयाँ परिवर्तन भएको व्यक्तिको पत्ता लगाएका थिए । उनको नाम राहाब थियो । उनको जीवन कठिन थियो तर अब उनले आफ्नो विश्वास परमप्रभुमा पाएकि थिइन् र उनी ती दुई जासुसहरूको लागि एउटा ठूलो सहायता भएकी थिइन् । वास्तवमा जब इस्राएलीहरूले उनको सहर यरीहोमा आक्रमण गरे, तब उनको ज्यान जोगियो । पछि गएर बाइबलमा, उनलाई राष्ट्रको नायकको रूपमा नाम दिइएको छ । उनी साहसी थिइन् र उनको विश्वासको लागि परमेश्वरले उनलाई ईनाम दिनुभयो ।

३८ वर्ष अघिका १० जासूसहरू गलत थिए । यी कनानीहरू इस्राएलीहरू देखि डराउँदथे । यदि ती १० जासूसहरूले नकरात्मक रिर्पोट नल्याएका भए, इस्राएलीहरू यहाँ ३८ वर्ष अघि नै हुन सक्थे । अब, यहोशू र कालेबलाई तिनीहरूको विश्वासको लागि पुरस्कृत गरियो र तिनीहरूले प्रतिज्ञा गरिएको देशलाई देखेनन् मात्र तर उनीहरूले त्यसमा प्रवेश पनि गर्न पाए ।

परमेश्वर आफ्ना मानिसहरू प्रति विश्वासयोग्य हुनुहुन्थ्यो र उनीहरूबाट पनि त्यस्तै वफादारीताको अपेक्षा राख्नुभयो । त्यसकारण यहोशूले आफ्नो जीवनको अन्तमा मानिसहरूलाई कसको सेवा गर्नुपर्छ भनि चुनौतीका साथ बताएका थिए । यहोशू र उनको परिवारलाई यो एउटा स्पष्ट छनौट थियो: उनी र उनको परिवारले वरपरका राष्ट्रहरूका देवताहरूको सेवा गर्ने छैनन्, तर परमप्रभुको सेवा गर्ने छन् ।

**कथा भन्ने क्रियाकलाप: यहोशूको पहिलो र अन्तिम शब्दहरू**

यहोशूले हामीलाई महान् राष्ट्र इस्राएलको अगुवाको रूपमा आफ्नो कार्यकाल शुरू गर्दाको केहि झलकहरू दिएका छन् । यी उनका पहिलो शब्दहरू हुन् । उनले इस्राएल राष्ट्रलाई पहिलो सम्बोधनमा भनेका, कुन कुराहरू तपाईंलाई सब भन्दा महत्वपूर्ण लाग्छ लेख्नुहोस् र पाठको अन्तमा कक्षामा साथीलाई भन्नुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**यहोशू १:८ (टि.बी.एस) -** व्यवस्थाको यो पुस्तक तिम्रो मुखबाट नहटोस्, तर तिमीले दिनरात यसमाथि ध्यान गर्नु ! फलस्वरूप तिमीले यसमा लेखिएका सबै कुराहरूअनुसार होशियारसाथ पालन गर्न सक्नेछौ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

परमेश्वरलाई नजिकबाट पछ्याउनको लागि इस्राएलका सन्तानहरूलाई उनीहरूले उनीहरूलाई दिइएको अगुवाहरूको आज्ञापालन गर्नुपर्छ भनिएको थियो । यहोशूले उनीहरूलाई प्रतिज्ञाको भूमिमा प्रवेश गरे लगत्तै निश्चित रूपमा उनले गर्नुपर्ने कुराहरू बताएका थिए । आफ्नो जीवनको अन्तमा, धेरै वर्षहरू पछि, उनले इस्राएलीहरूलाई सम्पूर्ण जीवनभरी परमेश्वरको अनुसरण गरिरहने निर्देशनहरू दिएका थिए । हामीले ती बुद्धिमानी निर्देशनहरूलाई पछ्याउनु पर्दछ । यहोशू ३:३-४ (भूमिमा प्रवेश गर्नको लागि दिइएका निर्देशनहरू) र यहोशू २३:१-१६ (यहोशूको जीवनको अन्त्यमा) खडा होऔं र मार्गहरू जता गएतापनि असल अगुवाहरूको अनुसरण गरौं । असल निर्देशनहरूको सधैं सम्झना गरौं:

यहोशू ३:३-४-"जब तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको वाचाको सन्दुक र लेवी पूजाहारीहरूलाई त्यो बोक्दै गरेका देख्नेछौ, तब तिमीहरू आफ्नो ठाउँबाट निस्केर त्यसको पछि-पछि जाओ ! तरै पनि तिमीहरू र त्यसको बीचमा लगभग दुई हजार हातको नाप अनुसारको अन्तर रहोस्; त्यसको नजिक नआओ; यसो गर्नाले तिमीहरूले आफू हिँड्नुपर्ने बाटो जान्नेछौ; किनकि तिमीहरू त्यस बाटो भएर पहिले हिँडेका छैनौ ।" जसै तपाईं आफ्नो अगुवालाई पछ्याउन थाल्नुहुन्छ, केहि खराब आवाजहरूले तपाईंलाई बोलाउनेछन्, जसले तपाईंलाई परमेश्वरले देखाउनुभएको बाटोबाट हटाउन पनि खोज्नेछन् । तिनीहरूको कुरा नसुन्नुहोस् ! सत्यताको आवाज मात्र सुन्नुहोस् । जब कुनै कुराहरूले तपाईंको ध्यानाकर्षण गर्ने कोसिस गदर्छन्, तपाईंहरू सबैले एकसाथ यसो भन्नुपर्ने हुन्छः "हामी हाम्रा परमप्रभु हाम्रा परमेश्वरको अनुसरण गर्नेछौं !" जब तपाईं सँगै हिँड्नु हुन्छ, तिनीहरूलाई बाइबलले के भन्दछ याद दिलगाउनुहोस्: दाँया वा बाँया नर्फकनुहोस् ! अब

**शिक्षक साहयता**

**पद कण्ठ गर्ने**
**क्रियाकलापः प्रार्थना**

बालबालिकाहरूलाई यस पदलाई आफ्नो प्रार्थना बनाउनको लागि उत्साहित गर्नुहोस् । यसरी प्रार्थना गर्नुहोस्: "परमप्रभु मलाई तपाईंको वचनमा दिन रात ध्यान लगाउन मद्दत गर्नुहोस् ताकि यसमा भनिएका सबै कुराहरू गर्नलाई होशियार रहन सकूँ ।"

**बाइबलीय**
**क्रियाकलापः सहि मार्गमा खडा रहनुहोस् !**

एउटा बालकलाई "अगुवा" हुनको लागि छान्नुहोस् जसले करारको सन्दुकलाई बोक्नु पर्ने हुन्छ । अरू ४ जना बालबालिकाहरू "ध्यान भड्काउनेहरू" बन्नको लागि छान्नुहोस्, कार्ड पढ्नको लागि २ जनालाई दाँया तिर र २ जनालाई बाँया तिर राख्नुहोस् । केहि परिक्षाहरू यहाँ सुझाव गरिएका छन् :

१. आउ मसँग खराब चलचित्र हेर्न जाऔं, सबैजना जादैछन् ।

२. तिम्रो आमा बुवाको कुरा नसुन, उनीहरू पुराना विचारका छन् ।

३. आज चर्च नजाऊ, हामी सबैजना पार्कमा पिकनिक र खेल खेल्न जाँदैछौं ।

४. बाइबल पढेर आफ्नो समय खेर नफाल, बरू अलिक ढिला सम्म सुत ।

बालबालिकाहरूले तपाईंका शब्दहरू "काममा परिणत" गर्नु पर्दछ - सबैले दाँया तिर ढल्किनुपर्नेछ, अनि बाँया तिर ढल्किनुपर्नेछ। जब तपाईंले उनीहरूलाई दिएको त्यस कार्ड पढेको चाहानुहुन्छ, तब प्रत्येक बाधाहरू अर्थात् ध्यानआकर्षण गर्ने कुराहरूलाई औल्याउनुहोस् र करारको सन्दुकलाई पछ्याउने समूहलाई अघि बढाउनुहोस् र सँगै भन्न लगाउनुहोस्: हामी हाम्रा परमेश्वरलाई पछ्याउनेछौं !"

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले पाठको मूख्य विचारहरूको बारेमा कक्षालाई विचार गर्न लगाउनु पर्छ जुन कुराहरू उनीहरूले आफुसँगै घर लगेको तपाईं चाहानुहुन्छ। अनि उनीहरूलाई १ देखि ५ सम्मको नम्बरमा एउटा छान्न लगाउनुपर्छ। १ नम्बरले आफुले यस पाठबाट सिकेको मुख्य कुराहरू बताउनु पर्नेछ। त्यसरी नै सबै पाँचवटै समूहरूले यस पाठबाट सिकेको मूख्य कुराहरू बताउने अवसर पाउनु पर्छ।

मूख्य विचारहरूमा यी कुराहरू समावेश हुन सक्छन् :

- परमेश्वरको वचनमा आज्ञाकारी हुने
- परमेश्वरको वचन कण्ठ गर्ने
- परमेश्वरको आज्ञापालन गर्न विश्वायोग्य हुने
- परिवार सबैले नै परमेश्वरको सेवा गर्ने

## ५) पाठ लागु गर्नुहोस्

हामी परमेश्वरसँगको हाम्रो व्यक्तिगत सम्बन्धको बारेमा निश्चित भई आत्मिक युद्धको लागि तयारी गर्छौं।

परमेश्वरको वचनले विश्वास र वचनप्रतिको आज्ञाकारितामा अपेक्षा गरे अनुसारले बढ्दै जानलाई मद्दत गर्दछ। निम्न मध्ये कुन क्षेत्रहरूमा तपाईंले परमेश्वरको वचन पालन गर्न आवश्यक छ ?

- ती बालबालिकाहरू प्रति दयालु हुनमा जो तपाईं प्रति निर्दयी छन्।
- त्यस समयमा साँचो बोल्नुमा जब तपाईं झुठ बोल्ने सोचिरहनु भएको हुन्छ
- परमेश्वरको वचन मनन गर्नुमा ताकि तपाईले वचनको पालन गर्न सक्नुभएको होस्
- अन्य केहि

**कथाको मूख्य सारः परमेश्वरको सहायताद्वारा मानिसहरू प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गरेका थिए।**

**शिक्षक साहयता**

**पाठ समीक्षा गर्ने क्रियाकलापः दोहोर्‍याउने**

पाठबाट सिकेका मूख्य कुराहरू भन्नको लागि शिक्षकले बालबालिकाहरूलाई ५ मिनेटको समय दिनुपर्छ। यदि कक्षामा ५ भन्दा बढि बालबालिकाहरू छन् भने, उनीहरूलाई एकअर्कामा ती कुराहरू भन्न लगाउनुहोस्।

# रोचक घटना नं ३७

# न्यायकर्ता २:१-२३

**कथाको मूख्य सारः इस्राएलीहरू परमेश्वरप्रति वफादार हुन सकेनन् । त्यसको लागि परमेश्वरले उनीहरूलाई सजाय दिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यहोशूको जीवनको अन्तितिर, इस्राएलीहरू परमेश्वरप्रति वफादार रहिरहने छन् भन्ने कुरामा उनी विश्वस्त थिएनन् । कनानीहरू, एमोरीहरू र अरूहरूलाई धपाउनुको सट्टा उनीहरू तिनीहरूसँग मिसिएर बसे र तिनीहरूसँग विवाह पनि गरे ।
- यी राष्ट्रहरूको जीवनशैली एकदम अनैतिक थियो । जति धेरै इस्राएलीहरूले तिनीहरूसँग विवाह गर्दै गए त्यति नै धेरै उनीहरू परमप्रभु परमेश्वरप्रतिको आफ्नो वफादारीताबाट पछाडी हट्दै गए ।
- परमप्रभुले इस्राएलीहरू माथि दमन, अत्याचार गर्नलाई त्यस क्षेत्रका मानिसका समूहहरूलाई निर्देशन अर्थात् अनुमति दिनुभयो ताकि तिनीहरूले मद्दतको लागि उहाँलाई पुकारून् । बारम्बार, यी परिस्थितिहरूमा परमेश्वरले सैन्य अगुवाहरू खडा गर्नुभयो जसलाई न्यायकर्ता भनिन्थ्यो । केवल एउटा न्यायकर्ता मात्र सैन्य अगुवा थिइनन्, जो देबोरा थिइन् जसले विवादहरू सुल्झाइन् ।
- जब इस्राएलीहरू परमेश्वरबाट टाढा भए, उनीहरूले कनानीहरूको देवताहरूलाई स्वीकार गरेका छन् । यो भूमि *"दुध र मह बग्ने"* देश भएकोले सामान्यतया यो मानिन्थ्यो कि कनानी देवताहरूको कारणले यो भूमि फलदायी भएको छ । इस्राएलीहरूले पनि यो कुरामा विश्वास गरे ।
- जब इस्राएलीहरू परमेश्वरबाट टाढा गए तब परमेश्वरको एक सन्देश वाहकले उनीहरूको विश्वासत्यागको विषयमा उनीहरूलाई चेतावनी दिए । त्यसपछि तिनले न्यायको घोषणा गरे । इस्राएलीहरू पापपूर्ण समय अवधिहरूमा प्रवेश गरे, उनीहरू परमेश्वरलाई पुकारा गर्दथे, उहाँले उद्धारक वा न्यायकर्ता पठाउनु हुन्थ्यो, न्यायकर्ताको मृत्यु नभएसम्म उनीहरू विश्राम वा शान्तिमा रहन्थे, र त्यसपछि फेरी उनीहरू परमेश्वरबाट टाढा हुन्थे ।
- त्यहाँ ९ न्यायकर्ताहरू थिए, जसमध्ये ७ जनालाई प्रमुख मानिन्थ्यो र २ जनालाई साहायक मानिन्थ्यो । परमेश्वर प्रति उनको आपत्तिको बावजुत गिदोन सबैभन्दा धेरै परिचित छन् । शिमसोन पनि प्रचलित थिए; तथापि, शिमसोन परमप्रभुप्रतिको आफ्नो वफादारीप्रति कहिल्यै गम्भीर थिएनन् र कसैलाई पनि नेतृत्व नगर्ने पहिलो न्यायकर्ता उनी नै थिए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

यहाँ हामीहरूले सिकेका युगहरू वा समय अवधिहरू र ती हरेक समयमा भएका केहि विशेष व्यक्तिहरू र घटनाहरूका नामहरू दिनेछौं ।

१. सृष्टि : परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । उहाँले आदम र हव्वालाई आफ्नो विशेष मित्र हुनको लागि बनाउनुभयो ।

२. पतन : लुसिफरले आफु सर्वोच्च परमेश्वर जस्तै हुन चाहाने निर्णय गऱ्यो र परमेश्वरको विरूद्धको विद्रोहमा स्वर्गदुतहरूको नेतृत्व गऱ्यो । उसलाई स्वर्गबाट निकालियो । त्यसपछि तिनीहरूले आदम र हव्वालाई परमेश्वरको आज्ञा उल्लङ्घन गर्न परिक्षामा पारे र तिनीहरूले पाप गरे । आदम र हव्वालाई बगैँचाबाट निकालियो । परमेश्वरले उनीहरूको लागि विशेष वस्त्रको प्रबन्ध गरि दिनुभयो ।

३. जलप्रलय : पृथ्वीमा हिंसात्मक, अपराधिक कार्यहरू धेरै नै बढेको थियो । त्यसैकारण परमेश्वरले पूरै पृथ्वीमा जलप्रलय ल्याउने निर्णय गर्नुभयो । तर नोआले परमेश्वरको दृष्टिमा अनुग्रह पाए । परमेश्वरले नोआ र उनको परिवारका साथै विभिन्न प्रकारका पशुपंक्षीहरूको जोडिलाई पनि बचाउनुभयो ।

४. बाबेल : मानिसहरू परमेश्वरसम्म पुग्ने एउटा धरहरा बनाउन चाहान्थे ताकि उनीहरूले ईश्वरहरूको स्थानमा प्रवेश पाउन सकुन् । यसैकारण, परमेश्वरले उनीहरूको भाषा खल्बल्याई दिनुभयो र धरहराको निर्माण कार्य रोकियो ।

५. पुर्खाहरू : अब्राहाम, पुर्खाहरू मध्येका सबैभन्दा प्रचलित व्यक्तित्व हुन् । परमेश्वरका प्रतिज्ञाहरूले अब्राहामका सन्तानहरूलाई एउटा निश्चित भूमि दियो र जसले अब्राहामका सन्तानलाई आशिष् दिन्थे उनीहरूले पनि आशिष् पाउने थिए ।

६. मोशा : एउटा विशेष कार्य गर्नको लागि मोशाले परमेश्वरबाट विशेष बोलावट पाए । इस्राएलीहरूलाई दासत्वबाट मुक्त गराउने कार्यको जिम्मोवारी मोशालाई दिइएको थियो । तिनले सीनै पर्वतमा दश आज्ञाहरू पाएका थिए र उजाडस्थानमा ४० वर्ष सम्म इस्राएलीहरूलाई नेतृत्व गरेका थिए । उनको रिसको कारण, उनी प्रतिज्ञाको भूमिमा प्रवेश गर्न असक्षम भए ।

## ३) पाठ सिकाउनुहोस्

के तपाईंले कहिल्यै गलत काम पटक-पटक गर्नु भएको छ ? तपाईं यसलाई रोक्न चाहानुहुन्छ तर सक्नुभएको छैन । इस्राएलको पनि यस्तै समस्या थियो । बारम्बार, तिनीहरूले गलत कामहरू गरिरहे र परमेश्वरबाट तर्किरहे । आज हामी इस्राएलीहरूको इतिहासको अन्धकारमय अवधिको बारेमा सिक्नेछौं ।

**पाठ शुरू गर्ने क्रियाकलाप : समयरेखाको समीक्षा मिसाउने र मिलाउने**

शिक्षकले एउटा कागजको टुक्रामा एउटा कुनै युग लेख्नुपर्छ । त्यसपछि शिक्षकले अर्को एउटा कागजको टुक्रामा प्रत्येक समय अवधिमा भएका व्यक्तिहरूको नामहरू राख्नु पर्दछ । उदाहरणको लागि, आदम र हव्वा दुईवटा समय अवधिको सूचिमा पर्न सक्छन्; एक पटक सृष्टिमा र अर्को पतनमा ।

त्यस पश्चात् शिक्षकले छुट्टै एउटा पानामा प्रत्येक अवधिमा भएका घटनाहरू लेख्नुपर्दछ ।

अब विद्यार्थीहरूको समूह बनाउनुहोस् (हरेक समूह-मा ३-४ जना) र सबै कागजका पानाहरूलाई मिसाउनुहोस् र उक्त अवधिमा भएका मानिसहरू र घटनाहरू मिलाएर राख्न लगाउहोस् ।

## कथा भन्नुहोस्

परमेश्वरले इस्राएल राष्ट्रलाई धेरै जना अद्भुत अगुवाहरू दिनुभयो। मोशालाई यहोशूले पछ्याए। शायद, इस्राएलमा सबैले सोचेका थिए कि जसरी इस्राएललाई नेतृत्व गर्नको लागि मोशाको उत्तराधिकारी थिए त्यसरी नै यहोशूको पनि उत्तराधिकारी हुनेछ। तर त्यसो भएन। यहोशूको मृत्यु पछि, केहि रहस्यमय घटना भयो। इस्राएलमा परमेश्वरलाई चिनेको वा उहाँले गर्नुभएको कामको बारेमा थाहा भएको कुनैपनि अगुवा थिएन।

मोशाका दिनहरूमा, तिनीहरूका आमाबुवाहरू उजाडस्थानमा उनीहरूको गनगनको कारणले मरे। कसैले पनि उनीहरूका छोराछोरीहरूलाई परमेश्वरको बारेमा सिकाएनन्। त्यसकारण, मोशाले आफ्नो जीवनको अन्तमा, उनले त्यस राष्ट्रलाई परमेश्वरको विषयमा शक्तिशाली पाठहरू सिकाएका थिए। यहोशूले पनि त्यसै गरे। उनको पहिलो र अन्तिम शब्दहरूले मानिसहरूलाई परमेश्वरको कुरा सुन्न र उहाँको सेवा गर्न प्रोत्साहित गऱ्यो। सर्वशक्तिमान परमेश्वर तिनीहरूको आराधना र सेवा पाउनलाई योग्य हुनुहुन्थ्यो। यहोशूले इस्राएलीहरूलाई भने कि उनको सम्पूर्ण परिवारले परमप्रभुको सेवा गर्नेछ। तर, अब यहोशू मरेर गईसकेका थिए र त्यहाँ उनको ठाउँ लिनको लागि कोहि पनि थिएन।

परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको भूमि अब इस्राएल राष्ट्रले पूर्णरूपले ओगटेको थियो। इस्राएल राष्ट्रलाई अगाडी बढदै जाने आज्ञा थियो जुन परमेश्वरले मोशालाई दिनुभएको थियो। इस्राएल राष्ट्रको साहसी नेतृत्व थियो जुन परमेश्वरले यहोशूलाई दिनुभएको थियो। उनीहरूसँग अगाडि बढ्नको लागि सबैथोक थियो; ती सबै उनीहरू कै थियो। तर, त्यहाँ केहि गलत भयो।

यहोशू पश्चात्, त्यहाँ परमप्रभुको अनुसरण गर्ने अगुवाको अभाव भयो, परमप्रभुको आराधना गर्ने अगुवाको अभाव भयो, र यहोवेको सेवा गर्ने अगुवाको अभाव भयो। सबैले आफ्नो दृष्टिमा जे ठिक लाग्यो त्यहि नै गरे। यो एउटा विशाल आत्मिक अन्धकारको समय थियो। इस्राएलीहरूले कनानीहरूको ईश्वरहरूलाई पुज्न थाले। इस्राएलीहरूले अन्य राष्ट्रका मानिसहरूलाई त्यहाँबाट नधपाएको कारण तिनीहरू एकअर्कासँग नै मिलेर बसे। अन्ततः तिनीहरूले एकअर्कासँग विवाह पनि गरे। तिनीहरूले यो गर्नु हुँदैन थियो। इस्राएलीहरूले परमेश्वरप्रतिको आफ्नो प्रेम गुमाए र त्यसलाई कनानी देवताहरूलाई सुम्पिदिए। बारम्बार परमेश्वरले तिनीहरूलाई यसको लागि सजाय दिनुभयो र त्यसपछि परमेश्वरले चमत्कारपूर्ण उद्धारक अर्थात् अगुवाहरू प्रदान गर्नु भयो। यी छुटकारा दिलाउने काम गर्ने व्यक्तिहरूलाई न्यायकर्ताहरू भनिन्थ्यो। त्यहाँ ९ जना न्यायकर्ताहरू थिए जसले इस्राएलीहरूलाई दमनबाट छुटकारा दिलाएका थिए। ती मध्ये धेरैजसो सैन्य अगुवाहरू थिए र ती मध्ये धेरैले परमेश्वरप्रति गहिरो व्यक्तिगत प्रतिबद्धता राखेका थिए। जब परमेश्वरले न्यायकर्ताहरू पठाउनुभयो तब मानिसहरूले परमेश्वरको अनुसरण गरे र भूमिले विश्राम पायो। जब न्यायकर्ताहरूको मृत्यु हुन्थ्यो तब राष्ट्र पुन उनीहरूको पुरानो मार्गमा फर्कन्थ्यो। उनीहरूले उनीहरूको वरपर भएका अन्य देवताहरूलाई स्वीकार गर्ने गर्दथे। हरेक पटक यस्तै भयो !

इस्राएलीहरूको लागि यो एकदमै कठिन समय थियो किनकि यी सब कुराहरू उनीहरूको जीवनमा भएको थियो। परमेश्वर उनीहरूको साथमा हुनुहुन्थ्यो र अन्य राष्ट्रहरू उनीहरूसँग डराउँथे। तर तिनीहरूले यी सब कुरालाई लत्याए र परमेश्वरको दृष्टि अनुसार होइन तर आफ्नो दृष्टिमा जे ठिक छ तिनीहरूले त्यहि गरे।

**कथा भन्ने**
**क्रियाकलाप : नाटक**

न्यायकर्ताहरूको पुस्तकमा त्यहाँ ९ जना न्यायकर्ताहरू छन्। ती मध्ये एक वा दुई जना न्यायकर्ताहरू छान्नुहोस् र तपाईंको कक्षामा भएका केहि बालबालिकाहरूलाई एउटा वा दुई वटा नाटक गर्न लगाउनुहोस्। अनि अरू बालबालिकाहरूलाई चाहिँ उनीहरूले अभिनय गरेर देखाई रहेको न्यायकर्ताहरू को हुन् भनि अनुमान गर्न लगाउनुहोस्।

हुनसक्छ, शिक्षकले गिदोन र शिमशोनलाई लिएर नाटक प्रस्तुत गर्न सक्छन्। यी दुवैजना परिचित भएको हुनाले सायद नाटक गर्नको लागि सहज हुन सक्छ।

## कण्ठ गर्नुपर्ने पद

**न्यायकर्ताहरू २१:२५ (टि.बी.एस) -** ती दिनहरूमा कुनै राजा थिएनन्; हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यहि गर्थ्यो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

आउनुहोस्, हामी परमेश्वरको आज्ञाहरू मध्ये एउटाको विचार गरौं:

- "*तिमीले झुट नबोल्नु ।*" यो कहाँ पाइन्छ ? (बाइबलमा, दश आज्ञाहरूमा) हामीलाई थाहा छ कि परमेश्वर सत्य हुनुहुन्छ, उहाँले कहिल्यै झुट बोल्नु हुँदैन । जब हामी झुट बोल्छौं, आफुलाई हामी कठिन अवस्थाहरूबाट बाहिर निकाल्न त सक्छौं होला, तर हामी परमेश्वरको आज्ञाको विरूद्ध जान्छौं । झुठ बोल्दा हुने केहि खराब परिणामहरू के के हुन् ? (हामीलाई परमेश्वरले अनुशासनमा राख्नुहुन्छ, हामीलाई झुठ बोल्ने बानी पर्न थाल्छ, हामीले झुठ बोलेको व्यक्तिको नजरमा आफ्नो आदर गुमाउन सक्छौं, आदि ।)
- परमेश्वरको अर्को एउटा आज्ञाको बारेमा चाहिँ के हुन सक्छ त: "*तिमीले नचोर्नु ।*" चोरी गरेर हामीले के पाउने आशा गर्छौं ? (हामीले चाहेको कुराहरू काम नगरी प्राप्त गर्न सक्छौं, हामी पैसा चोरेर धनी बन्न सक्छौं आदि ।) चोरीका केहि खराब परिणामहरू के के हुन् ? (कोहि हाम्रो पछि आउनेछन् जसबाट हामीले चोरेका छौं, खराब प्रतिष्ठा पाउनेछौं, आत्मग्लानी हुनेछ आदि ।)
- यस छाताले जस्तै हामीलाई खराब कुराहरूबाट जोगाउनलाई हाम्रो भलाईको लागि परमेश्वरले बाइबलमा आज्ञाहरू राख्नुभएको छ भन्ने कुरा हामीले सधैं याद गर्नुपर्छ । धेरै पहिलेका इस्राएलका मानिसहरू जस्तो हामी हुनुहुँदैन ! यदि तपाईंले एक मात्र सत्य परमेश्वरको आराधना र आज्ञापालन गर्नुभयो भने, तपाईंले कहिल्यै पनि पछुताउनु पर्दैन ।

**पद कण्ठ गर्ने क्रियाकलाप: वचनको कार्डको युद्ध**

कक्षामा २ वा ३ जनाको समूहहरू बनाउनुहोस् । प्रत्येक समूहलाई कार्डको सेट दिनुहोस् । प्रत्येक कार्डमा कण्ठ गर्ने पदको एउटा शब्द हुन्छ । समूहहरूले कण्ठ गर्ने पदको शब्दहरूलाई क्रम-बद्ध रूममा मिलाउनु पर्दछ ।

**बाइबलीय क्रियाकलाप : छाता**

छातालाई माथि उठाउनु-होस् । सोध्नुहोस्: कसलाई थाहा छ यो के हो ? (अवश्य, एउटा छाता !) यस छाताको उद्देश्य के हो ? (तपाईंलाई वर्षाको बेलामा पानीबाट जोगाउन वा एकदम गर्मी दिनमा तपाईंको लागि सूर्यको तापलाई छेक्न) सहि हो, यो तपाईंलाई केहि चिजबाट जोगाउनको लागि हो । के तपाईंले पानी परेको बेलामा छाता बोक्नै पर्छ र ? (पर्दैन, तर तपाईं भिज्नु हुनेछ) । परमेश्वरका आज्ञाहरू पनि केहि छाता जस्तै जस्तै हो भन्न सकिन्छ । तिनीहरूले हामीलाई बाध्य बनाउँदैनन्, तर हामीले तिनीहरूलाई दैनिक जीवनमा मार्गदर्शनको रूपमा प्रयोग गर्‍यौं भने, हामी धेरै खराब परिणामहरूबाट सुरक्षित हुन्छौं ।

## ४) पाठको समीक्षा गर्नुहोस्

"को" प्रश्नहरू:

१. कनानीहरू को थिए ?

२. न्यायकर्ताहरू मध्येका एकजना को थिए ?

"कहाँ" प्रश्नहरू

१. इस्राएलीहरू अहिले कहाँ बस्छन् ?

२. कनानीहरू कहाँ बस्छन् ?

"के" प्रश्नहरू

१. इस्राएलीहरूले के गल्ती गरेका थिए ?

२. यहोशूको मृत्यु पछि के भयो ?

"किन" प्रश्नहरू

१. किन इस्राएलीहरूले अन्य राष्ट्रका देवताहरू पुज्न थाले ?

२. किन इस्राएलीहरूले आफ्नो दृष्टिमा जे ठीक छ त्यहि गरे ?

"कहिले" प्रश्नहरू

१. कहिले परमेश्वरले न्यायकर्ताहरूलाई पठाउनुभयो ?

२. मानिसहरूले कहिले परमेश्वरलाई रूँदै पुकारेका थिए ?

**पाठ समीक्षा गर्ने क्रियाकलाप: अनुसन्धान क्युब**

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस्। कुनै एउटा क्युब किन्नुहोस् वा बनाउनुहोस् र त्यस क्युबको प्रत्येक भागमा, के, कहिले, कहाँ, किन शब्दहरू लेखेर टाँस्नुहोस्। त्यसपछि, क्युबलाई समूहमा पालै पालो गुडाउनुहोस् र क्युबको माथिल्लो भागमा देखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ। उदाहरणको लागि, यदि क्युबको माथिल्लो भागमा "किन" भन्ने शब्द देखापर्छ भने, समूहले "किन" भन्ने प्रश्नको उत्तर दिनुपर्छ। शिक्षकले पाठ सम्बन्धित आफ्नै प्रश्नहरू पनि बनाउन सक्नुहुन्छ।

## ५) पाठ लागु गर्नुहोस्

त्यो एउटा पाप कुन हो जसबाट तपाइँ पछाडि फर्कनु (पश्चाताप गर्नु) पर्छ ? परमेश्वरको अगाडी त्यस पापलाई स्वीकार्नुहोस् र भन्नुहोस् कि तपाइँ त्यस पापको बारेमा आफ्नो विचार परिवर्तन गर्न चाहानु हुन्छ। इस्राएलीहरूले जस्तो अन्धकारमा निरन्तरता नदिनुहोस्।

**कथाको मूख्य सार : इस्राएलीहरू परमेश्वरप्रति वफादार हुन देखि चुके। परमेश्वरले त्यसको लागि उनीहरूलाई सजाय दिनुभयो।**

# रोचक घटना नं ३८

# १ शमूएल ३:१९-४:१ र रूथ १-२

**कथाको मूख्य सारः रात जति गहिरो हुन्छ, ताराहरू त्यति नै चम्कन्छन् ।**

शिक्षक साहायता

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- रूथ र शमूएल दुई आश्चर्यजनक व्यक्तिहरू थिए, जो न्यायकर्ताहरूको समयमा बाँचेका व्यक्तिहरू थिए ।
- मोआब देशबाटकी रूथ उनी इस्राएली थिइनन् तर उनले एक इस्राएलीसँग विवाह गरेकी थिइन् । जब रूथका श्रीमान जवान अवस्थामा मरे, तब रूथ आफ्नी सासू नाओमीसँगै बस्न चाहिन् । रूथ आफ्नै मानिसहरू कहाँ फर्केर जान सक्थिन् र एक जवान विधवाको हैसियतले अर्को विवाह गर्न सक्थिन् । यद्यपि उनले नाओमीसँगै बस्ने कुरालाई रोजिन् ।
- रूथले परमप्रभुको आराधना गर्न थालिन् र एक प्रतिबद्ध विश्वासीमा परिणत भइन् । रूथले आफ्ना घरानाका देवताहरूलाई मोआबमा नै त्यागिदिइन् ।
- रूथले फेरी विवाह गरिन्, यस पटक बोअजसँग । रूथ उनको विश्वासयोग्यता, उनको दयालुपन, उनको सत्यनिष्ठा र सासूको सुरक्षा गर्ने स्त्रीको रूपमा परिचित थिइन् । परमेश्वरले रूथलाई आशिष् दिनुभयो र उनी राजा दाऊदकी जिजु-हजुरआमा भईन् ।
- हामी अधिकांश बाइबलका नायक पात्रहरूको बालापनको बारेमा थोरै मात्र जान्दछौं । यसको एउटा अपवाद शमूएल हुन् । हन्ना र एल्कानालाई उनीहरूको उत्कट प्रार्थनाको फलस्वरूप शमूएल दिइएको थियो ।
- परमेश्वरले जवान शमूएलको हृदयलाई आकार दिनुभयो । हन्नाले उनको छोरालाई परमप्रभुको लागि सुम्पिइन् जसको मतलब शमूएल, पुजारी एलीसँग बस्नुपर्दथ्यो । तथापि, एली एक राम्रो अभिभावकको उदाहरण भने चाहिँ उनी थिएनन् । एलीका छोराहरू होप्नी र पीनहास एकदमै दुष्ट थिए । यद्यपि, शमूएल प्रभुको डरमा हुर्किए र उनी अन्धकारमय समयमा चम्किलो ज्योति बने ।
- सारा इस्राएलले शमूएललाई उनीहरूको अगुवाको रूपमा स्वीकार गरे, जुन यस समय अवधिमा धेरै जसो न्यायकर्ताहरूलाई गरिएको थिएन ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

शिक्षकले बाइबलको महान् कथाका रोचक घटनाहरूमा प्रयोग गरिएका सबै भजनहरू संकलन गर्नु पर्दछ र ती मध्ये केहि गाउनु वा बजाउनु पर्दछ ।

कक्षाले यस पाठ्यक्रममा अगाडि सिकेका भजनहरू शिक्षकसँग मिलेर गाउन सक्नुपर्छ ।

शिक्षक र विद्यार्थीहरू मिलेर केहि भजनहरू गाइसकेपछि "गीतलाई नाम दिनुहोस्" भन्ने खेल खेल्नुहोस् । "गीतलाई नाम दिनुहोस्" भन्ने खेल यस्तो खेल हो जसमा विद्यार्थीहरूले भजनलाई मिल्दो बाइबलका घटनाहरू अर्थात् पाठसँग मिलाउने प्रयास गर्नुपर्छ । विद्यार्थीले उत्तर दिने क्रममा शिक्षकले उनीहरूप्रति अनुग्रही भएर उत्साह दिनु पर्दछ ।

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूले सिकेका भजनहरू बाइबलका घटनाहरूसँग मिलाउनु हो । शिक्षक यस मूख्य उद्देश्यमा केन्द्रित हुनुपर्दछ ।

## ३) पाठ सिकाउनुहोस्

एक रसियन भनाई छ, "रात जति गहिरो हुन्छ, ताराहरू त्यति नै चम्कन्छन्" । बालबालिकाहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय नायकहरूको नाम भन्न लगाउनुहोस् जो तपाईंको राष्ट्रिय वा अन्तराष्ट्रिय इतिहासमा छन् ।

१.

२.

**समीक्षा**
**क्रियाकलाप: गीतलाई नाम दिनुहोस्**

शिक्षकले पहिलेका रोचक घटनाहरूमा सिकेका भजनहरू बजाउनु वा गाउनुपर्दछ । बालबालिकाहरूले ती भजनहरू बाइबलको महान् कथा भित्रको कुन रोचक घटनासँग (पाठसँग) मिल्छ भनेर अनुमान लगाउनुपर्दछ ।

यदि समय पुग्छ भने, कुनै भजनमा भएको शब्द वा वाक्यांश बालबालिकाहरूले नबुझेको छन् कि भनेर पनि उनीहरूलाई सोध्न सक्नुहुनेछ ।

## कथा भन्नुहोस्

शमूएल इस्राएल राष्ट्रमा न्यायकर्ता थिए। उनले आफ्नो बारेमा डायरी त लेखेनन्, तर हामीलाई उनको जीवनको बारेमा भने धेरै कुराहरू थाहा छ। यदि उनले डायरी लेखेको भए त्यसले यस्तै प्रकारका कुराहरू भन्ने थियो होला:

- आज, मेरी आमा र बुवाले मलाई पुजारी एलीसँग बस्नको लागि लैजानु भयो। धेरै समय अगाडि, मेरी आमाले बालबालिका जन्माउन सक्नु भएको थिएन त्यसैकारण उहाँले परमप्रभुलाई बालबालिकाको लागि विन्ती गर्नु भयो। उहाँको त्यस उत्कट प्रार्थनाको परिणाम स्वरूप, म जन्मिएको थिएँ। आमाले प्रतिज्ञा गर्नु भएको थियो कि यदि उहाँले उनलाई एउटा बालबालिका दिनुभयो भने, उहाँले त्यस बालबालिका परमप्रभुलाई नै फिर्ता दिनु हुनेछ। मलाई निश्चय नै मेरो आमा र बुवाको याद आउनेछ। उहाँहरूले मलाई ईश्वरीय जीवनको लागि एउटा दृढ आधार दिनुभयो।
- जब म आज राती ओछ्यानमा सुत्नलाई गएँ, एउटा आवाजले मलाई नाम लिएर बोलाईरहेको सुनेँ। मलाई लाग्यो कि यो पुजारी एली हुनुपर्छ। मैले एलीलाई सोधेँ र उनले मैले होइन भन्नुभयो। यहि घटना बारम्बार भयो। तेस्रो पटक पनि जब यस्तै भयो, पुजारी एलीले भन्नुभयो कि त्यो परमप्रभुको आवाज थियो र मैले यो भन्नु पर्थ्यो कि म सुन्दैछु। अनि मैले त्यसै गरेँ। मैले परमेश्वरको वचन सुन्ने र पालन गर्ने निर्णय गरेँ। परमेश्वरको वचन मेरा लागि एकदम अनमोल भएको छ। म आफ्नो बाँकी जीवन परमेश्वरको आज्ञापालन गर्न चाहान्छु।
- म भेट हुने पालको काममा पुजारी एलीलाई सघाउँदै छु। मलाई यो निकै मनपर्छ र मलाई लाग्छ कि मैले मेरो जीवन भर यहि नै गरेको परमेश्वर चाहानु हुन्छ। सारा इस्राएलले मलाई परमेश्वरको एक अगमवक्ताको रूपमा चिन्दैछन्।
- पुजारी एलीका दुई छोराहरू छन्, होप्नी र पीनहास। तिनीहरू पनि एली जस्तै पुजाहारीहरू हुन्, यद्यपि तिनीहरू दुष्ट छन्। तिनीहरूले परमप्रभुको लागि चढाइएको भेटि लिन्छन् र आफ्नै लागि प्रयोग गर्छन्। महिलाहरूसँग पनि तिनीहरूको केहि खराब सम्बन्धहरू छन्। मलाई थाहा छैन कि उनीहरू कसरी परमेश्वरको बारेमा कुरा गर्न सक्छन् र त्यसरी जीउन सक्छन्।
- इस्राएलका मानिसहरूले उनीहरूमाथि अधिकार गर्ने राजा भएको चाहान्थे। मैले परमेश्वरसँग यस विषयमा कुरा गरेँ। परमेश्वरले मलाई भन्नुभयो कि उनीहरूले मलाई इन्कार गरिरहेका थिएनन् तर उहाँलाई इन्कार गरिरहेका थिए। उहाँले मलाई इस्राएल माथि शाऊललाई राजा अभिषेक गर र अब उप्रान्त शाऊल इस्राएलका अगुवा हुनेछन् भनि भन्नुभयो।
- परमेश्वरले मैले यिशैको छोराहरूलाई खोजेर ती मध्ये एउटालाई दोस्रो राजाको रूपमा अभिषेक गरेको चाहानुभयो। शाऊलले राजाको रूपमा खराब कामहरू गरे त्यसैले परमेश्वरले इस्राएलीहरूलाई अगुवाई गर्नको निम्ति एउटा नयाँ राजा चाहानुभयो। मैले यिशैका सबै छोराहरूलाई कोहि पनि बाँकी नरहने गरी हेरेँ तर परमप्रभुले कुनैलाई पनि चुन्नुभएन। अन्तमा मैले यिशैलाई त्यहाँ अरू कुनै छोराहरू बाँकि छन् कि भनेर सोधेँ र अझै एउटा कान्छो छोरा बाहिर मैदानमा छ भनि उनले भने। ती दाऊद थिए, जो राजा भएको परमेश्वर चाहानुहुन्थ्यो।

**कथा भन्ने क्रियाकलापः शमूएलको डायरी**

यहाँ शमूएलको डायरी-बाट ६ वटा फरक दृश्यहरू दिइएका छन्।
शिक्षकले शमूएलको डायरीबाटका यी दृश्यहरू बालबालिकाहरूलाई सुना-उनु पर्छ, ती मध्ये कुनै एउटा लिनुहोस्, र यो कुरा किन उनीहरूको लागि तपाईंले छान्नु भएको हो भनि व्याख्या गर्नुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**१ शमूएल ३:१९ (टि.बी.एस)** - अनि शमूएल बढे, अनि परमप्रभु तिनको साथमा हुनुहुन्थ्यो, र तिनको कुनै पनि वचन भुइँमा खस्न दिनुहुन्न थियो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

रूथको दैनिकी - हामीले शमूएलको विषयमा सिक्यौं, एक व्यक्ति छन् जो अन्धकारको समयमा परमेश्वरको साम्नु खडा भएका थिए । उनी पनि अन्धकारमा एक ज्योति झैं थिए । उनी रूथ नाम गरेकि एक जवान स्त्री थिइन् (रूथ १:१-५ पढेर र व्याख्या गरेर कथाको संरचना मिलाउनुहोस्) । आजको हाम्रो कार्य भनेको सँगै मिलेर रूथले आफ्नो जन्मभुमि मोआब छोडेर आउँदा के लेखिन् होला भनेर उनको दैनिकी (जर्नल) तयार पार्नु हो । सूचीमा भएका हरेक खण्ड रूथद्वारा लेखिएको उनको दैनिकीको टिपोट हुनेछ । यदि तपाईंका बालबालिकाहरू आफै पढ्न सक्ने पर्याप्त उमेर पुगेका छन् भने, प्रत्येकलाई अर्थात् सानो समूहहरूमा विभाजन गरेर एउटा खण्ड दिन सकिन्छ । यदि उनीहरू यस विधिका लागि धेरै नै साना छन् भने, उनीहरूसँगै ती खण्डहरू पढ्नुहोस् र उनीहरूलाई के लेखिनु पर्छ भनि निर्णय लिनको लागि चाहिँ सहायता गर्नुहोस्, र उनीहरूको अवस्था हेरेर शिक्षकले नै त्यसलाई लेख्नुपर्छ होला । टिपोटहरू पूरा भएपछि, त्यसलाई कक्षामा पढेर सुनाउनुहोस् ।

१. रूथ १:६-१८

२ .रूथ १:१९-२२

३. रूथ २:१-२३

४. रूथ ३:१-१८

५. रूथ ४:१-१२

६. रूथ ४:१३-२२

जब रूथले साँचो परमेश्वरको बारेमा सुनिन् तब उनले उहाँलाई पछ्याउने र मोआबका देवताहरू तर्फ नफर्कने निर्णय गरिन् । परमेश्वरले उनको विश्वासको सम्मान गर्नु भयो, र उनी राजा दाऊदको जीजु-हजुरआमा भईन् जो ख्रीष्टको वंशावलीमा समावेश गरिईन् ।

### पद कण्ठ गर्ने क्रियाकलाप: वचनको मिश्रण

कागजको पानामा यस पदको शब्दहरू लेख्नुहोस् । अनि हरेक शब्दलाई एउटा-एउटा संख्या दिनुहोस् । संख्याहरू बाहेक, पदका विगारिएको शब्दहरू लेख्नुहोस् । तपाईंका बालबालिकाहरूलाई प्रत्येक शब्दहरू मिलाएर त्यसको सहि क्रममा राखी पदलाई पूरा गर्ने चुनौती दिनुहोस् ।

उदाहरण:

| | |
|---|---|
| १. निअ | अनि |
| २. मूलएश | शमूएल |
| ३. ढेब | बढे |
| ४. निअ | अनि |
| ५. रमप्रपभु | परमप्रभु |
| ६. कोनति | तिनको |
| ७. थुमासा | साथमा |
| ८. न्थ्योहुहनु | हुनुहुन्थ्यो |

## ४) पाठको समीक्षा गर्नुहोस्

शमूएल र रूथको जीवनको आधारमा यस तालिका अनुसार आफ्नो मूल्याङ्कन गर्नुहोस्:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परमेश्वरलाई सुन्न सक्ने क्षमता | १ | २ | ३ | ४ | ५ | ६ |
| अभिभावकप्रति आज्ञाकारी | १ | २ | ३ | ४ | ५ | ६ |
| प्रार्थनामा उत्साहित | १ | २ | ३ | ४ | ५ | ६ |
| परमेश्वरको सेवा | १ | २ | ३ | ४ | ५ | ६ |
| परमेश्वरको लागि बोल्नु | १ | २ | ३ | ४ | ५ | ६ |
| खराब सम्बन्धबाट टाढा रहनु | १ | २ | ३ | ४ | ५ | ६ |
| परमेश्वरको नेतृत्वप्रतिको प्रतिक्रिया | १ | २ | ३ | ४ | ५ | ६ |
| परमेश्वरप्रतिको समग्र प्रतिबद्धता | १ | २ | ३ | ४ | ५ | ६ |

**पाठ समीक्षा गर्ने क्रियाकलाप : वृद्धि तालिका**

शिक्षकले बालबालिका–हरूको कक्षालाई शमूएल र रूथको उदाहरणहरूले हामीलाई हाम्रो आफ्नै जीवनको मूल्याङ्कन गर्न सहायता गर्नुपर्छ भनि सिकाउनु पदर्छ ।

बालबालिकाहरूले यो तालिका भर्दा (१=कम्तीमा; ६=धेरैमा) भर्नु पर्नेछ ।

## ५) पाठ लागु गर्नुहोस्

माथिका आठ मध्ये कुनै एउटा छान्नुहोस् र त्यसमा मात्र सुधार गर्नको लागि प्रार्थना सहित त्यसप्रतिको जवाफदेहितामा निर्धारित हुनुहोस् । यी "चम्किरहने ज्योति" का गुणहरू मध्ये कुनै एउटालाई सुधार गर्नको लागि दैनिक कार्य वा दैनिक प्रार्थना गर्नुहोस् ।

**कथाको मूख्य सारः रात जति गहिरो हुन्छ, ताराहरु त्यति नै चम्कन्छन् ।**